# धनगढी उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

प.स. : ०८३/०८४
च.नं. :-

धनगढी,कैलाली
सुदूरपश्चिम प्रदेश,नेपाल

### सेवा करारमा पदपुर्ती सम्बन्धि सूचना ।

प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०५/२४

यस धनगढी उपमहानगरपालिकाका लागी देहाय बमोजिमका कर्मचारी सेवा करारमा भर्ना गर्नुपर्ने भएको हुदा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| विज्ञापन नं. | पद | सेवा | तह | आवश्यक संख्या |
|---|---|---|---|---|
| ०१/०८३/८४ | फिजिसियन | स्वास्थ्य | नवौ | १ |
| ०२/०८३/८४ | मेडिकल अधिकत | स्वास्थ्य | आठौ | १ |

१. **परीक्षाको किसिमः**संक्षिप्त सूची र अन्तरवार्ता ।

२. **न्युनतम शैक्षिक योग्यताः**

क) विज्ञापन नं. ०१/०८३/८४ का लागी मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित बिषयमा स्नातकोत्तर उत्तिर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको ।

ख) विज्ञापन नं.०२/०८३/८४ का लागी मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. उत्तिर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको ।

३. **परीक्षा दस्तुरः** रु १५००/-(अक्षरुपीः रु एक हजार पाँच सय मात्र ।)

४. **संलग्न गर्नुपर्ने कागजातहरुः** दरखास्त फाराम, व्यक्तिगत विवरण (CV), परीक्षा दस्तुर तिरेको भौचर, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रहरु उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

५. **परीक्षा दस्तुर बुझाउनेः** यस धनगढी उपमहानगरपालिकाको राजस्व व्यवस्थापन शाखामा नगदै जम्मा गरी रसिद आवेदन साथ बुझाउनु पर्नेछ ।

६. **दरखास्त फारामः** दरखास्त फाराम धनगढी उपमहानगरपालिकाको **website: dhangadhimun.gov.np** बाट download गरि भरेर पठाउन सकिने छ ।

७. **दरखास्त बुझाउनेः** यस उपमहानगरपालिकाको ईमेल dhangadhimun2013@gmail मा माथि उल्लेखित कागजात सहित पठाउन सकिने छ । यस कार्यालयमा बुझाउन सकिने छ ।

८. **अन्तरवार्ताको मितिः** दरखास्त फाराम बुझाउने अन्तिम दिनको भोलिपल्ट प्रकाशित गरिने छ ।

९. **करार सेवा अवधिः** हाललाई १ (एक) बर्ष र आवश्यकताका आधारमा थप गर्न सकिनेछ ।

१०. **सेवा सुविधाः**विज्ञापन नं. ०१/०८३/८४ को लागी आपसी सहमतिमा तय गरिने छ भने विज्ञापन नं. ०२/०८३/८४ का लागी सम्बन्धित पद/तहको नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

११. महिला, दलित, आदीबासी जनजाती तथा पिछडिएको क्षेत्रलाइ बिशेष ग्राह्ययता दिईनेछ । साथै रित नपुगी र म्याद नाघी आएको दरखास्त उपर कुनै कार्यबाही हुनेछैन ।

(सुरेन्द्र सिंह कार्की)
प्रशासकीय अधिकृत
अधिकृतस्तर आठौं तह